# <u>सर्वोच्च अदालतबाट जारी गरिएको निर्देशन</u>

**विषयः विशेष परिस्थितिमा अदालत तथा मुद्दा व्यवस्थापन सम्बन्धमा ।**

वर्तमान महामारीको परिस्थितिमा मानिसको जीउ ज्यानको सुरक्षा (वाँच्न पाउने हकको रक्षा) लाई उच्च प्राथमिकता दिनु पर्दछ । न्यायिक प्रकृयामा थुनामा रहेका मानिसहरुको  वाँच्न पाउने हकको पनि संरक्षण गर्न राज्यका निकायहरुका तर्फवाट हरसम्भव प्रयास गरिनु पर्ने हुन्छ। यसै सन्दर्भमा संविधानले प्रदान गरेका वैयक्तिक स्वतन्त्रता लगायतका न्याय सम्बन्धी हक अधिकारहरुलाई निष्प्रभावी हुन नदिई बन्दाबन्दीको अवस्थामा पनि केही न्यूनतम न्यायिक सेवा प्रवाहलाई निरन्तरता प्रदान गर्नु वाञ्छनीय देखिएको छ। अतः यस अदालतको पूर्ण वैठकबाट मिति २०७६/१२/२८ मा निर्णय गरिए अनुसार बन्दाबन्दी (Lock down) को अवधिमा जिल्ला र उच्च अदालतहरुले मुद्दा प्रवाह व्यवस्थापन गर्दा देहाय बमोजिमको कार्य-प्रणाली अपनाउने गरी यो निर्देशन जारी गरिएको छः

१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ को प्रयोग गर्ने तर्फ आवश्यकतानुसार सम्बन्धित सरकारी वकील कार्यालय र अनुसन्धान अधिकारीको ध्यानाकर्षण गराउने।

२. चार जना वा सो भन्दा वढी न्यायाधीश भएको जिल्ला र उच्च अदालतमा पालो-पालो गरी एक दिनमा बढीमा ५०% न्यायाधीश र सोही अनुसार न्यूनतम संख्याका कर्मचारी उपस्थित रहने व्यवस्था मिलाउने। टेलिवर्क गर्न सकिने कार्यहरू आफू रहेको ठाउँबाटै गर्ने कार्यलाई निरन्तरता दिने।

३. पक्राउ पूर्जीको समर्थन, म्याद थप कार्य यथासम्भव अदालत खुलेको पहिलो समय (विहान ११ बजे अघि) वा बेलुकी ३/४ बजे पछिको समयमा गर्ने गरी व्यवस्था मिलाउने। यसरी समयतालिका निर्धारित गरिएको कुराको जानकारी सम्बन्धित प्रहरी कार्यालय र सरकारी वकिल कार्यालयलाई पूर्व जानकारी गराउने।

४. म्याद थप सम्बन्धी कार्यका पटकहरुलाई सम्भव भएसम्म न्यूनीकरण गर्ने।

५. जरुरी पक्राउ पूर्जीको समर्थन गराउन वा म्याद थप गर्न, वा अभियोगपत्र पेश गर्न अदालतमा ल्याउदा धेरै प्रतिवादीहरुलाई एउटै सवारी साधनमा भीड गराई नल्याउने, अलग अलग ल्याउने र आवश्यक दुरी कायम गर्ने गरी अनुसन्धान अधिकृतलाई निर्देशन दिने। सो को अनुगमन गर्ने प्रबन्ध समेत मिलाउने।

६. अभियोगपत्र दर्ता गर्न ल्याउने प्रहरी कर्मचारी, सरकारी वकील, अभियुक्त, अदालतका कर्मचारी लगायतका सवै सरोकारवाला मानिसहरु वीचको दुरी कम्तिमा पनि एक मिटर र सम्भव भएमा सो भन्दा बढी कायम रहने गरी व्यवस्था मिलाउने।

७. संयुक्त इजलासमा बस्ने न्यायाधीशहरु बीचको दुरी सम्भव भएसम्म १ मिटर भन्दा बढी कायम राख्ने व्यवस्था गर्ने।

८. महामारीको अवस्था कायम रहेसम्म न्यायाधीश तथा इजलास अधिकृतले अनिवार्य रुपमा मास्क लगाउने व्यवस्था गर्ने। ईजलासभित्र प्रवेश गर्ने कानून व्यवसायी, मुद्दाका पक्ष, सुरक्षाकर्मी, कार्यालय सहयोगी समेत सवैले मास्क लगाउने व्यवस्था गर्ने।

९. सवारी चालक र पि.एस.ओ.लाई मास्क, सेनसटाइजर, पञ्जा लगाउने तथा दुरी कायम राख्न लगाउने व्यवस्था गर्ने।

१०. रुघा-मर्की, ज्वरो, वा कुनै संक्रामक रोगका लक्षण देखिएका वा त्यस प्रकारको शंका गर्नु पर्ने अवस्थाका न्यायाधीश, कर्मचारी, कानून व्यवसायी, प्रहरी तथा अभियुक्तले अदालतभित्र प्रवेश नगर्ने/ गर्न नपाउने गरी यथोचित प्रवन्ध मिलाउने।

११. अदालतमा प्रवेश गर्ने सवैका लागि पञ्जा, Alcohol based Sanitizers र Mask को प्रयोग गर्न अनिवार्य गर्ने गराउने।

१२. अदालतबाट जारी भएको समाव्हानको म्याद भित्र उपस्थित हुन पर्ने र अभियोगपत्र दायर हुंदा फरार रही हाल अदालतमा उपस्थित हुन चाहने प्रतिवादीहरुलाई बन्दाबन्दी (लकडाउन) खुलेपछि बयान गराइ थुनछेक गराउने प्रबन्ध मिलाउने।

१३. अभियोगपत्र दर्ता गरेपछि सो दिन अभियुक्तको बयान गराउन सम्भव हुने, नहुने कुरा तत्काल विचार गरी सम्भव नहुने (पालो नआउने/ समयले नभ्याउने) देखिएमा निजको बयान लिइने मिति र समय तोकी तत्काल फिर्ता पठाउने। आज फिर्ता पठाएकालाई भोलिपल्टै हाजिर गराउनु पर्ने गरी अनिवार्य नगर्ने।

१४. प्रतिदिन प्रति ईजलासबाट बढीमा ३ वटा मुद्दामा वा ३ जना अभियुक्तको मात्र बयान गराउने कार्य गर्ने गरी समय-तालिका व्यवस्थापन गर्ने। यसरी समय-तालिका निर्धारण गरेपछि सोही अनुसार अभियुक्तलाई अदालतमा उपस्थित गराउने प्रवन्ध मिलाउने। बयान गराउन नभ्याउने अवस्थामा दैनिक रुपमा अदालतमा ल्याउने - लैजाने गर्नु नपर्ने गरी व्यवस्था मिलाउने।

१५. सुनुवाई प्रकृया व्यवस्थापनका सन्दर्भमा सम्भव भएसम्म टेलिफोन, ईमेल, फ्याक्स आदि सञ्चार माध्यमको उपयोग गर्ने। सम्भव भएसम्म स-शरीर उपस्थितिलाई अनिवार्य नगर्ने वा न्यूनीकरण गर्ने।

१६. मुद्दाको सुनुवाई गर्दा ईजलासमा एक पटकमा सम्बन्धित अभियुक्त र निजको एकजना कानून व्यवसायी तथा एकजना सरकारी वकील मात्र उपस्थित हुन पाउने, अरुले पालैपालो आउने व्यवस्था मिलाउने।

१७. कुनै पनि मुद्दाका एउटा पक्षको तर्फवाट बढीमा दुईजना कानून व्यवसायीले वहस पैरवी गर्ने प्रवन्ध मिलाउने।

१८. वहस व्यवस्थापन लगायत मुद्दामा सुनुवाईका लागि अपनाइएको अन्तरिम व्यवस्थापनका विषयमा सम्वन्धित वार एशोसियशनसंग समझदारी कायम गर्ने।

१९. वहसका लागि एउटा पक्षका कानून व्यवसायीहरुका लागि कूल अधिकतम् २० मिनेट मात्र समय दिने। सो समय कम भई वहसका थप बुदा प्रस्तुत गर्नु पर्ने भए लिखित रुपमा पेश गर्ने अवसर प्रदान गर्ने। कुनै कानून व्यवसायीले स-शरीर उपस्थित नभै ई-मेल वा सम्भव भए Video Conferencing समेतका माध्यमबाट पनि वहस-वुदा प्रस्तुत गर्न सक्ने प्रवन्ध मिलाउने।

२०. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ वमोजिम परेका प्रतिवेदनहरुमध्ये हाललाई थुनुवा भएका प्रतिवेदनहरु उपर सुनुवाई गर्ने।

२१. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ वमोजिमका प्रतिवेदनहरु उपरको सुनुवाई स्थगितका लागि मुद्दाका पक्ष वा निजका कानून व्यवसायीले अदालतमा आएर निवेदन दिनु नपर्ने, ईमेल वा फ्याक्सको माध्यमवाट पनि अनुरोध गरी पठाएमा सुनुवाई स्थगित गर्ने गरी व्यवस्था मिलाउने। यसरी पेशी स्थगित गरिएको पटक गणना नगर्ने।

पेशी स्थगितको लागि गरिएको अनुरोध सम्बन्धी निवेदन/अनुरोध व्यहोरा इजलास बस्नु अगावै सम्बन्धित रजिष्ट्रार, श्रस्तेदार वा इजलास अधिकृतमार्फत इजलासमा पेश गर्ने व्यवस्था मिलाउने।

२२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ वमोजिमका बढीमा ३ (तीन) वटा प्रतिवेदनहरु उपर मात्र एउटा ईजलासबाट सुनुवाई गर्ने। उच्च अदालतमा थुनछेकको लागी मुद्दा पेश भएका इजलासमा प्रतिवेदनहरु पेश नगर्ने।

२३. अदालत तथा न्यायाधीशहरुका ड्राइभर, व्यक्तिगत सुरक्षा अधिकृतहरु, कार्यालय सहयोगी लगायत अदालत परिशरमा उपस्थित व्यक्तिहरुलाई समुहमा नबस्न, वस्दा दुरी कायम गर्न र भीड नगरी सावधानी अपनाउन लगाउने।

२४. यो महामारीको विशेष अवस्था भएकाले जीवनको सुरक्षाप्रति विशेष सम्वेदनशीलता अपनाउने। न्यायिक प्रकृया व्यवस्थापनका क्रममा वर्तमान महामारीको परिस्थितिलाई दृष्टिगत गरी विवेक र बुध्दिमताको प्रयोग गर्ने र आफ्नो, सहकर्मीको तथा सेवाग्राहीको हित र स्वास्थ्य सुरक्षाप्रति सम्वेदनशीलता अपनाउने आदि।

नृपध्वज निरौला
मुख्य रजिष्ट्रार
सर्वोच्च अदालत, नेपाल